नेपाल सरकार

**अर्थ मन्त्रालय, सिंहदरवारको**

# मोटरसाइकल खरिद गर्ने सिलवन्दी वोलपत्र सम्वन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७३/१/९ )**

अर्थ मन्त्रालयको लागि स्वीकृत स्पेसिफिकेशन अनुसार १५ थान मोटरसाइकल र ५ थान स्कुटर सिलवन्दी वोलपत्र प्रक्रियाद्वारा खरिद गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। देहाय अनुसार इच्छुक आधिकारिक सोल एजेण्ट, डिलर, फर्महरुबाट निम्न शर्तको अधिनमा रही रित पूर्वकको सिलवन्दी वोलपत्र आह्वान गरिएको छ।

१. वोलपत्र दाताले सूचना प्रकाशित भएको ३० दिन भित्र वोलपत्र फारम यस मन्त्रालयको स्टोर शाखाबाट रु. १०००(फिर्ता नहुने गरी) नगद वुझाई खरिद गर्न सकिने छ। वोलपत्र फारम ३१ औं दिनको १२:०० वजे सम्म दर्ता गरिसक्नु पर्नेछ र सोही दिनको २:०० वजे वोलपत्र यस मन्त्रालयमा खोलिनेछ। उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट सोही स्थान र समयमा खोलिने छ।

२. वोलपत्र साथ जमानत वापत रु. १,००,०००(अक्षरुपी एक लाख) धरौटी रकम सिंहदरवार स्थित को.ले.नि.का. केन्द्र ४ मा रहेको एभरेष्ट वैंकको धरौटी खाता नम्वर १३५००१/७२ कोड नं. २७-३०५-०७ मा जम्मा गरेको सक्कल भौचर वा कम्तिमा १२० दिन म्याद भएको अर्थ मन्त्रालयको नाउँमा जारी भएको मान्यता प्राप्त वैंकको विड वण्ड (वैंक जमानी पत्र) साथ मू.अ.क. दर्ता प्रमाण पत्र, फर्म दर्ता प्रमाणपत्र, आधिकारिक सोल एजेन्सी वा डिलरसिप प्रमाणपत्र, आ.व. ०७१।७२ को कर चुक्ता प्रमाणपत्र तथा उपलब्ध गराइने मो.सा.को क्याटलग साथ पेश गर्नु पर्नेछ।

३. वोलपत्र फारममा दर रेट अंक अक्षर दुवैमा केरमेट नगरी स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक अक्षर फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ।

४. रित नपुगी वा वोलपत्रको सूचनामा निर्धारित समय नाघी पेश हुन आएका वोलपत्र उपर कुनै कारवाही गरिने छैन। साथै प्राप्त वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा रहनेछ।

५. सिलवन्दी वोलपत्र फारम स्वीकृत भए पछि उक्त फर्मले कवोल अंकमा ५ प्रतिशत रकम संझौता हुनु अगाडि ६ महिना अवधि भएको वैंक परफरमेन्स वण्ड वा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ।

६. यो सूचना अर्थ मन्त्रालयको website www.mof.gov.np मा समेत हेर्न सकिनेछ। अन्य केही वुझ्नु परेमा मन्त्रालयको स्टोर शाखा वा फो.नं. ४२११३६१ बाट जानकारी लिन सकिनेछ।

७. अन्य विषयमा सार्वजनिक खरिद ऐन, २०६३ वा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ।